# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः १७ जनवरी २०२६
# समयः १८:५० – १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले आज पश्चिम बंगाल अनि पूर्वोत्तर भारतमा संपर्क सुदृढ़ गर्न तथा विकासलाई गति दिने उद्देश्यले **तीन हजार दुई सय पचास** करोड़ रूपिया भन्दा अधिकको लागत रहेको बिभिन्न रेल अनि बुनियादी सड़क परियोजनाहरुको शुभारंभ गर्नुभयो।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज मालदामा जनसभालाई संबोधित गर्दै , पश्चिम बंगालको तृणमूल कांग्रेस सरकार माथि तीखो हमला गर्नुभयो अनि तृणमूल सरकारलाई निर्दयी सरकारको संज्ञा दिनुभएको छ।

- विशेष गहन पुनरीक्षण(SIR) अन्तर्गत पहिचान सम्बन्धी दस्तावेजहरूको सत्यापनलाई लिएर जारी विवादहरूबीच चुनाउ आयोगले कड़ा निर्देश जारी गरेको छ।

- गणतन्त्र दिवस समारोहमा यस वर्ष, राष्ट्रिय गीत वन्दे मातरमको 150 वर्ष पूरा भएको अवसरमा भारतको सैन्य शक्ति र सांस्कृतिक विविधताको एक अनौठो संगम देख्न पाईनेछ।

- केंद्रीय कानून मंत्री अर्जुनराम मेघवाल, आज कलकत्ता उच्च न्यायालयको जलपाईगड़ी सर्किट बेंचको उद्घाटन कार्यक्रममा सामेल हुनभयो ।

- गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा भोली आईतवार खरसाङमा गोर्खाल्याण्ड अनि संवैधानिक व्यवस्था विषयमा संगोष्ठी हुने भएको छ।

## प्रधानमंत्री-वंदे भारत

प्रधानमंत्री नरेन्द्र मोदीले आज पश्चिम बंगाल अनि पूर्वोत्तर भारतमा संपर्क सुदृढ़ गर्न तथा विकासलाई गति दिने उद्देश्यले **तीन हजार दुई सय पचास** करोड़ रूपिया भन्दा अधिकको लागत रहेको बिभिन्न रेल अनि बुनियादी सड़क परियोजनाहरुको शुभारंभ गर्नुभयो।पश्चिम बंगालको मालदामा सभालाई संबोधित गर्नुहुदै श्री मोदीले भन्नुभयो कि उहालाई मालदा देखि भारतको पहिलो वंदे भारत स्लीपर ट्रेनलाई हरियो झंडी दिखाएर प्रसन्नता भइरहेको छ। उहाले भन्नुभयो -संपर्कलाई बढ़ावा दिनको लागि बिभिन्न अमृत भारत ट्रेन सेवाहरुको शुरुआत पनि गरीनेछ। प्रधानमंत्रीले भन्नुभयो कि यो देशको पहिलो वंदे भारत स्लीपर ट्रेन हो जसले मां कालीको भूमिलाई कामाख्याको भूमि सित जोड़ने छ। यो आधुनिक ट्रेन आगामी दिनहरुमा देशभरीमै विस्तारित हुने उहाले अझ बताउनुभयो।पूर्ण रुपले वातानुकूलित वंदे भारत स्लीपर ट्रेनले यात्रिहरुलाई सस्तों भाड़ामा हवाई यात्रा जस्तो अनुभव प्रदान गर्नेछ। यसले लामो दूरीको यात्राहरु छिटो , सुरक्षित अनि अधिक सुविधाजनक बन्नेछ। 16 वटा आधुनिक कोचहरु रहेको यस ट्रेनको कुल क्षमता 823 यात्रिहरुको रहेको छ। हाम्रा संवाददाताले बताए अनुसार यो ट्रेन सेवा आम यात्रिहरु , छात्रहरु , पेशेवरहरु , प्रवासी श्रमिकहरु , व्यापारिहरु अनि तीर्थयात्रिहरुका लागि विशेष रूपले लाभदायक हुनेछ।हाम्रा संवाददाताले यात्रा गरिरहेका केही यात्रिहरु अनि विद्यार्थिहरु सित बातचीत गरे। उनीहरुले खुशी व्यक्त गर्दै देशको पहिलो **वंदे भारत स्लीपर ट्रेन** मा यात्रा गर्ने अवसर पाउनु सौभाग्यको कुरा रहेको बताएका छन।

## प्रधानमंत्री-मालदा रैली

प्रधानमंत्री नरेन्द्र मोदीले आज मालदामा जनसभा, पश्चिम बंगालको तृणमूल कांग्रेस सरकार माथि तीखो हमला गर्दै निर्दयी सरकारको संज्ञा दिनुभएको छ ।प्रधानमंत्रीले अवैध घुसपैठलाई राज्यको सबैभन्दा गंभीर चुनौती बताउनु हुँदै यसले क्षेत्रीय जनसांख्यिकी अनि स्थानीय भाषाहरुलाई परिवर्तित गरिरहेको बताउनुभयो ।श्री मोदीले भन्नुभयो -जहां अन्य समृद्ध देशहरुले अवैध प्रवासिहरुलाई निर्वासित गरिरहेका छन भने तृणमूल कांग्रेस सरकार राजनीतिक कारणहरुले गर्दा यस्तो गर्न विफल रहेको छ । यसले गर्दा राज्यका युवाहरुका लागि रोजगारको अवसर कमती भइरहेको छ ।प्रधानमंत्रीले मुख्यमंत्री ममता बनर्जी माथि आयुष्मान भारत, पीएम सूर्य घर निशुल्क बिजुली योजना अनि जल जीवन मिशन जस्ता केंद्रीय योजनाहरुमा बाधा उत्पन्न गरेको पनि आरोप लगाउनु भयो । सीएजी को हालैको एक रिपोर्टको उल्लेख गर्दै उहाले आरोप लगाउनु भयो कि बाढ़ राहतको लागि लिए आवंटित धनराशिको तृणमूल कांग्रेस नेताहरुले दुरुपयोग गरेका छन ।

## बीजेपी - पश्चिम बंगाल

भारतीय जनता पार्टीले आज पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जी माथि पश्चिम बंगालमा तुष्टीकरणको राजनीति गरेको आरोप लगाएको छ । नया दिल्लीमा एक प्रेस कॉन्फ्रेंसलाई संबोधित गर्दै , बीजेपी सांसद संबित पात्राले पश्चिम बंगालका मुख्यमंत्रीले हिंसाको समर्थन गरिरहेको आरोप लगाउनुभएको छ । उहाले भन्नुभयो- तृणमूल कांग्रेस पार्टीका वरिष्ठ नेताहरुले असंवैधानिक अनि हिंसक तरीकाले स्पेशल इंटेंसिव रिवीजन(SIR) लाई रोकने प्रयास गरिरहेका छन । बूथ स्तरीय अधिकारिहरु माथि दबाव बनाईरहेको उहाले अझ बताउनुभयो । श्री पात्राले खंड विकास अधिकारी कार्यालयहरु माथि हमलाको आरोप पनि लगाउनुभएको छ ।श्री पात्राले भन्नुभयो कि पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीको शासनकालमा राज्यको शासन व्यवस्थाले चिंताजनक मोड़ लिईसकेको छ । उहाले टीएमसी सरकार माथि फर्जी आईडी रैकेट चलाउने अनि घुसपैठिहरुलाई भारतको नागरिक बनाएको पनि आरोप लगाउनु भयो ।

## SIR

विशेष गहन पुनरीक्षण अन्तर्गत पहिचान सम्बन्धी दस्तावेजहरूको सत्यापनलाई लिएर जारी विवादहरूबीच चुनाउ आयोगले कड़ा निर्देश जारी गरेको छ। आयोगले सबै राज्यका निर्वाचन पञ्जीकरण अधिकारी तथा जिल्ला मेजिस्ट्रेटहरुलाई दस्तावेज सत्यापनको प्रगतिमाथि प्रतिदिन बेगलबेग्लै रिपोर्ट पठाउन भनेको छ। पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी कार्यालयको सूत्र अनुसार आयोगले दस्तावेज़ सत्यापनको लागि दुई-स्तरीय व्यवस्था अप्नाउने निर्देश दिएको छ। पहिलो चरणमा सत्यापन निर्वाचन पञ्जीकरण अधिकारीहरूद्वारा गरिनेछ भने दोस्रो चरणमा जिल्ला निर्वाचन अधिकारीले यसको पुनः जाँच अनि पुष्टि गर्नेछन्। आयोगले यस प्रक्रियामा विशेष मतदाता सूची पर्यवेक्षक अनि सूक्ष्म पर्यवेक्षकहरूको भूमिका पनि स्पष्ट पारेको छ। सुनवाईमा केन्द्रमा तैनाथ सुक्ष्म पर्यवेक्षकहरूले यो सुनिश्चित गर्नेछन् कि मतदाताहरूद्वारा प्रस्तुत सहायक पहिचान दस्तावेजको जाँच आयोगद्वारा तय दिशा-निर्देश अनुसार भइरहेको छ कि छैन। कुनै पनि ठूलो वा व्यापक स्तरको उल्लंघन भएको स्थितिमा उनीहरूले यसको जानकारी सोझै आयोगलाई दिनेछन्। अर्कोतिर विशेष मतदाता सूची पर्यवेक्षकहरूलाई दोस्रो चरणमा जिल्ला मेजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीहरूद्वारा सत्यापित दस्तावेजहरूको जाँच गर्ने अधिकार दिइएको छ। मुख्य निर्वाचन अधिकारी कार्यालयको सूत्रले बताए अनुसार दस्तावेज सत्यापनलाई समयबद्ध ढंगमा पूरा गर्नको लागि प्रतिदिन रिपोर्टिंग व्यवस्थाको खाँचो छ, किनभने अन्तिम मतदाता सूची आगामी 14 फरवरीमा प्रकाशित गरिनेछ। हाल ती "अमानचित्रित" मतदाताहरूको लागि सुनवाई सत्र चलिरहेको छ जसको सम्बन्ध वर्ष 2002-को मतदाता सूचीसित न त स्व-मानचित्रणको माध्यमबाट न त वंशावली मानचित्रणको माध्यमबाट स्थापित भएको छ। दोस्रो चरणमा वंशावली मानचित्रण अवधि देखिएका तार्किक विसंगतिहरू जस्तै असामान्य पारिवारिक विवरण भएको मामिलामा सम्बन्धित मानिसहरूलाई सुनवाईको लागि बोलाइनेछ।

## गणतंत्र दिवस

गणतन्त्र दिवस समारोहमा यस वर्ष, राष्ट्रिय गीत वन्दे मातरमको 150 वर्ष पूरा भएको अवसरमा भारतको सैन्य शक्ति र सांस्कृतिक विविधताको एक अनौठो संगम देख्न पाईनेछ।हिजो नयाँ दिल्लीमा एक संवाददाता सम्मेलनलाई सम्बोधित गर्दै रक्षा

सचिव राजेश कुमार सिंहले बताउनु भयो यो समारोहमा आत्मनिर्भर भारतको परिकल्पनाका साथ राष्ट्रिय गीतलाई एक अनौठो श्रद्धाञ्जली अर्पित गरिनेछ।

**एक रिपोर्ट-**

**(सोमबारदेखि 26 जनवरी सम्म भारतीय सेना, भारतीय नौसेना, भारतीय वायुसेना, भारतीय तटरक्षक बल र अन्य केन्द्रीय सशस्त्र पुलिस बलहरू द्वारा वन्दे मातरम विषयमा अखिल भारतीय ब्यान्ड प्रस्तुतिहरू पनि आयोजित गरिनेछ।प्रस्तुति स्थलहरूमा पश्चिम बंगालको नैहाटी जिल्लामा बंकिमचन्द्र चट्टोपाध्यायको पुर्ख्यौली घर र जन्म स्थान पनि सामेल हुनेछ। स्वतन्त्रताको मन्त्र वन्दे मातरम् र समृद्धिको मन्त्र आत्मनिर्भर भारत जस्ता व्यापक विषयहरुमा आधारित विभिन्न झाँकीहरू पनि प्रदर्शन गरिनेछ। पछिल्लो वर्षमा वंदे मातरम र आत्मनिर्भर भारत विषयमा आयोजित विभिन्न प्रतियोगिताहरुका शीर्ष 200 विजेता गणतंत्र दिवस परेड 2026 का साक्षी बन्नेछन।**

**अर्जुनराम मेघवाल**

केंद्रीय कानून मंत्री अर्जुनराम मेघवाल, आज कलकत्ता उच्च न्यायालयको जलपाईगड़ी सर्किट बेंचको उद्घाटन कार्यक्रममा सामेल हुनभयो । बागडोगरा हवाईअड्डामा पत्रकारहरुसित कुराकानीमा उहाले पश्चिम बंगालको कानून-व्यवस्थाबारे तीखों टिप्पणी गर्नुभयो ।केंद्रीय कानून मंत्रीले पश्चिम बंगालमा कानून-व्यवस्थाको स्थिति ठीक नरहेको बताउनुभयो । यद्धपि जलपाईगड़ीमा उच्च न्यायालयको सर्किट बेंचको उद्घाटन समारोहमा भाग लिन जलपाईगड़ी आउनुभएको उहाले स्पष्ट पर्नुभयो । यस अवधि अर्जुन राम मेघवालले मुंबई म्यूनिसिपल कॉर्पोरेशन (बीएमसी) मा भारतीय जनता पार्टीको जीत बारे पनि प्रतिक्रिया दिनुभयो ।

**निपाह वायरस**

निपाह वायरस संक्रमणको मामलालाई लिएर राज्य सरकारले सावधानी अपनाउदै नया अनि विस्तृत स्वास्थ्य दिशानिर्देश जारी गरेको छ,यदधापी स्थिति अहिले नियंत्रणमा रहेको बताईएको छ । निपाह संक्रमणको रोकथाम अनि उपचार व्यवस्थालाई अझ सुदृढ़ गर्ने उद्देश्यले राज्य स्वास्थ्य विभागको तर्फबाट जारी ताजा दिशानिर्देशमा,संपर्कमा आएका मानिसहरुलाई खतराको आधारमा वर्गीकृत गर्ने , क्वारंटीन, केमो-प्रोफिलैक्सिस, जांच अनि उपचारको स्पष्ट रूपरेखा तय गरिएको छ ।दिशानिर्देश अनुसार, संक्रमित वा संदिग्ध रोगीहरुको रगत , थूक, मूत्र वा श्वसन स्राव जस्ता कुनै पनि शारीरिक द्रवको संपर्कमा आएको 12 घण्टा भन्दा अधिक समयसम्म नजीकको संपर्कमा रहने व्यक्तिहरुलाई ‘हाई रिस्क’ मानिनेछ । यस्ता लक्षण नभएका संपर्कहरुका लागि 21 दिनको होम क्वारंटीन अनिवार्य गरिएको छ अनि दैनिक स्वास्थ्य निगरानी पनि गरीनेछ । यदि इस अवधि जवारो आए ,टाउको दुखे,स्वास लिनमा समस्या भए वा मानसिक स्थितिमा कुनै परिवर्तन भएको लक्षण देखा परे तुरनतै अस्पतालको निर्धारित आइसोलेशन यूनिटमा भर्ती गरेर निपाह आरटी-पीसीआर जांच गराईने छ । निपाह संक्रमित दुई नर्सहरुको स्थिति अहिले स्थिर बताईएको छ । दुवैको बारासातको एक निजी अस्पतालको आईसीयूमा उपचार चलीरहेको छ ।

**GJMM**

गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा भोली आईतवार खरसाङमा गोर्खाल्याण्ड अनि संवैधानिक व्यवस्था विषयमा संगोष्ठी हुने भएको छ। यस संगोष्ठीमा गोजमुमो अध्यक्ष बिमल गुरुङ उपस्थित रहने सम्भावना रहेको साथै महासचिव रोशन उपस्थित रहने भएको छ। खरसाङमा हुने संगोष्ठीमा आयोजक गोर्खा जनमुक्ति मोर्चाले पहाडका सबै राजनीतिक दलहरु साथै सत्तामा रहेका राजनीतिक दललाई पनि निमन्त्रणा पठाएका बताइएको छ। यस संगोष्ठीमा आसाम लगायत विभिन्न स्थानहरुबाट वक्ताहरु उपस्थित रहने भएको छ। भोली खरसाङमा हुने संगोष्ठीलाई लिएर आज गोजमुमोले खरसाङ बजारमा पार्टीको झण्डा लगाउने कार्य गरेका छन्। झण्डा लगाउने कार्यमा गोजमुमो खरसाङ महकुमा समितिका सभापति एंव पूर्व सभासद योगेन्द्र राई, महकुमा सचिव रोहित स्याङ्बो, सह सचिव दिपेन्द्र देवान, शरण देवान, बिमल दर्जी, योगराज प्रधान लगायत अन्यहरु उपस्थित रहेका थिए।

**मौसम**

कोलकाता सहित सम्पूर्ण पश्चिम बंगालमा अब जाड़ोको मौसम अंतिम चरण तर्फ अग्रसर भइरहेको छ। मौसम

विभागानुसार आज पनि जाड़ोको प्रभाव महसूस गरियो, तर यसपछि मौसमको स्वरूप फेरिँदै जानेछ। आगामी सोमवारदेखि राज्यको मौसममा स्पष्ट बद्लाउ आउने सम्भावना छ जसबाट चिसो बिस्तारै कमती हुँदै जानेछ। बिगत केही वर्षको रेकर्डलाई हेर्दा माघ महिनाको शुरूआतसँगै चिसो घटदै  गइरहेको छ। अलिपुर मौसम बिज्ञान बिभाग कार्यालयको रिपोर्ट अनुसार आज  राज्यमा सबैभन्दा कमती तापमान दार्जीलिङमा चार डिग्री सेल्सियस दर्ता गरियो।

खस भारतीय हितकारी सम्मेलन

कालेबुङ आञ्चलिक समितिद्वारा आयोजना गरिने खस भारतीय हितकारी सम्मेलनको १०औँ केन्द्रीय महाअधिवेशन सम्बन्धमा मेलाग्राउण्ड कालेबुङमा पत्रकार सम्मेलन सम्पन्न भएको छ।पत्रकार सम्मेलनमार्फत सम्मेलनका आयोजकहरूले महाअधिवेशनको उद्देश्य, कार्यक्रमको रूपरेखा तथा अपेक्षित सहभागिताबारे जानकारी गराएका छन। दार्जिलिङ पहाड, समतल, डुवर्स र छेउ -छाउका क्षेत्रबाट खस गोर्खाली समुदायको व्यापक सहभागिता रहने विश्वास आयोजक समितिले व्यक्त गरेको छ। महाअधिवेशन मार्फत खस गोर्खाली समुदायका सामाजिक, सांस्कृतिक तथा हक–अधिकारका विषयमा गम्भीर छलफल गरिने र भावी कार्यदिशा तय गरिने जानकारी पनि दिइएको छ। साथै, सम्मेलन सफल बनाउन सबै वर्ग तथा समुदायबाट सहयोग र सहभागिताको आह्वानसमेत आयोजकहरूले गरेका छन्।

****** ० ******